# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

## रुपैयाँ १० दरको बैंकनोट प्रचलनमा ल्याउने बारेको सूचना

यस बैंकले रुपैयाँ १० दरको साविककै आकार तथा रङ्गमा सङ्केत नं. द/३२ ००००0१ देखि प/९४ ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ १० रुपैयाँ दश तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांशसहित देहाय बमोजिमका विशेषताहरु भएको नोट सम्बत् २०८२ साल असार महिना ०२ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**नोटको अग्र भागमा** :

१. नोटको बायाँतर्फ सगरमाथाको चित्र रहेको ।
२. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको ।
३. नोटमा गभर्नरको दस्तखत रहने स्थानमा तत्कालीन गभर्नर महा प्रसाद अधिकारीको दस्तखत रहेको ।
४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा "वि.सं. २०८१" लेखिएको ।

**नोटको पृष्ठ भागमा** :

१. नोटको मध्य भागको माथिल्लो खण्डमा अंग्रेजीमा "NEPAL RASTRA BANK" लेखिएको ।
२. नोटको मध्य भागमा कृष्णसारको चित्र रहेको ।
३. नोटको तल्लो भागको बोर्डरमा अंग्रेजीमा "RUPEES TEN" लेखिएको ।
४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा "2024 A.D." लेखिएको ।

**पुनश्च**:

यस अघि मिति २०७७ साल मंसिर १० गतेदेखि रुपैंया १० दर (Series २०२०) को बैंकनोट सङ्केत नं. ठ/८२ ००००0१ देखि द/४५ ९९९९९९ सम्म चलनचल्तीमा ल्याइने भनी सूचना प्रकाशित गरिएकोमा सङ्केत नं. ठ/८२ ००००0१ देखि द/३१ ८००००० सम्म मात्र चलनचल्तीमा ल्याइएको व्यहोरा सूचित गरिन्छ ।

मिति : २०८२-०३-०२

*"नोट राष्ट्रको सम्पत्ति हो, यसको जतन गरौं ।"*